# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ

१ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७८/०७९
चलानी नं.: ८२८

मिति : १७ श्रावण २०७९

श्री वडा कार्यालय सवै
रतुवामाई नगरपालिका, मोरङ ।

**विषय : सूचना गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा पुष्प धिरेन्द्र स्मृती प्रतिष्ठान दमक झापाको च.नं. ०४ मिति २०७९/०४/१३ को प्राप्त पत्रानुसार प्राविधिक शिक्षा(डीप्लोमा ईन सिभिल इन्जिनियरीङ र डिप्लोमा इन कम्प्युटर इन्जिनियरङ) अध्यनका लागी इच्छुक विद्यार्थीहरुका लागी छात्रवृति आवेदन माग गरिएको र आवेदन गर्नका लागि जानकारी गराइदिन अनुरोध भइ आएको हुँदा सो को जानकारी वडा कार्यालय तथा सार्वजानकि स्थानहरुमा सूचना गरी जानकारी गराइदिनहुन अनुरोध छ। साथै सो पत्र यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

..............................
दिनानाथ लम्साल
प्रमुख प्रशासकिय अधिकृत

दिनानाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत

CTEVT: 4-1158

# पुष्प-धीरेन्द्र स्मृति प्रतिष्ठान
# Puspa-Dhirendra Smriti Pratisthan

दमक, झापा (Damak, Jhapa)
१ नं. प्रदेश, नेपाल (Province no. 1, Nepal)
स्था.: वि.सं. २०७५ (Estd: 2018)
बहुप्राबिधिक शिक्षालय

प.सं. ०७९/८०
च.नं. ०४

मिति: २०७९/०४/१२

श्री प्रमुख ज्यु
रतुवामाई नगरपालीकाको कार्यालय
मोरंग

**विषय : प्राविधिक शिक्षा अध्ययनको लागि छात्रावृती सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस पुष्प-धीरेन्द्र स्मृति प्रतिष्ठान, बहुप्राविधिक शिक्षालय, दमक र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को साझेदारीमा संञ्चालित यस शिक्षालयले इन्जिनियरीङ क्षेत्रमा दक्ष जनशक्ती उत्पादन गरी रोजगारीको श्रृजना गर्ने लक्ष्यका साथ **डिप्लोमा ईन सिभिल इन्जिनियरीङ** (तिन वर्ष) र **डिप्लोमा ईन कम्प्युटर इन्जिनियरीङ** (तिन वर्ष) विषयमा अध्यापन गराउदै आईरहेको छ ।

अतः शैक्षिक सत्र २०७९/०८० देखि यस प्रतिष्ठानले **"पुष्प-धीरेन्द्र छात्रावृती"** कार्यक्रम अर्न्तगत त्यस नगरपालीका भित्र स्थायी बसोवास गर्ने एस.ई.ई वा सोसरह उत्तीर्ण भईसकेका विद्यार्थीहरुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् को "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०७९" ले तोकेको शैक्षिक योग्यता वापत प्रदान गरिने अंक र प्रवेश परीक्षामा प्राप्त गरेको अंकको योगफल तथा कार्यक्रम र कोटाका आधारमा योग्यता क्रमानुसार छनौट गरी त्यस नगरपालीकाले सिफारीस गरेका विद्यार्थीहरुलाई तपशिल वमोजीमको कार्यक्रममा छात्रवृत्ति प्रदान गरीने भएकोले तोकीएको समयमा सम्वन्धित पक्षलाई आवेदन गर्नका लागि जानकारी गराई दिनुहुन अनुरोध गर्दछौं ।

| क्र. सं. | लक्षित वर्ग | आरक्षित संख्या | कोटा | डिप्लोमा ईन सिभिल इन्जिनियरीङ | डिप्लोमा ईन कम्प्युटर इन्जिनियरीङ |
|---|---|---|---|---|---|
| १ | सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरुका परिवार र द्वन्द्व पीडित परिवार बाट | २ जना | नि:शुल्क | १ | १ |
| २ | सिमान्तकृत, खस, आर्यबाट | २ जना | सहुलियत | १ | १ |
| ३ | दलित, मुस्लिम, मधेशी र आदिवासी मध्ये बाट | २ जना | सहुलियत | १ | १ |

१. आवेदन फारम शुल्क : रू. १,५००।- मात्र
२. आवेदन फारम बुझाउने मिति : २०७९।०४।१२ देखि २०७९।०४।२६ गते सम्म
३. स्थान : पुष्प-धीरेन्द्र स्मृति प्रतिष्ठान (बहुप्राविधिक शिक्षालय), दमक-१

**थप जानकारीको लागि : फोन नं. 9852650554/9852650555/9806040123**

**Web Site: www.psdcollege.org**

..................
तीर्थराज बस्नेत
अध्यक्ष

तिर्थराज बस्नेत
अध्यक्ष
पुष्प-धीरेन्द्र स्मृति प्रतिष्ठान